वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १६६ | २०८३ कात्तिक ०७ गते शनिबार, नेपाल सम्वत् ११४६ October 24, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



**बन्दीपुरे कृषि हाटबजार :** तनहुँको बन्दीपुरमा स्थानीय उत्पादनको प्रवर्द्धन, किसानको मेहनतको सम्मान र स्थानीय बजारको विकासका लागि गाउँपालिकाले सञ्चालन गरेको बन्दीपुरे कृषि हाटबजारमा आफुले उत्पादन गरेको कृषि उपज बिक्रीका लागि लिएर बसेका कृषकहरू। हाटबजार उत्पादक र उपभोक्तलाई प्रत्यक्ष जोडेको छ । *तस्विर : भञ्ज्याङ*

# चिसो बढेसंगै बन्दीपुरमा विदेशी पर्यटकको चहलपहल

## ग्रामीण बस्ती र मौलिक संस्कृति अवलोकनमा पर्यटकको रूचि, जीप सफारीले रामकोटसम्मको यात्रा सहज

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

पर्यटकीय याम सुरू भएसँगै तनहुँको बन्दीपुरमा विदेशी पर्यटकको चहलपहल बढ्न थालेको छ । परम्परागत नेवारी बस्ती, हिमश्रृंखलाको मनोरम दृश्य र शान्त वातावरणले परिचित बन्दीपुरमा बजार घुम्ने मात्र होइन, ग्रामीण बस्तीको मौलिक जीवनशैली बुझ्ने पर्यटकको आकर्षणसमेत बढेको छ।

मौसम अनुकूल बन्दै जाँदा बन्दीपुरका पर्यटकीयस्थल, होटल तथा आसपासका ग्रामीण बस्तीमा विदेशी पर्यटकको आवागमन बढेको पर्यटन व्यवसायी बताउँछन्। प्राकृतिक सुन्दरता, सांस्कृतिक विविधता र स्थानीयको आत्मीय आतिथ्यले बन्दीपुरलाई स्वदेशी तथा विदेशी पर्यटकको रोजाइमा पार्दै आएको छ ।

होटल व्यवसायी किसान प्रधानका अनुसार पर्यटनको मुख्य याम सुरू भएसँगै बन्दीपुरमा विदेशी पर्यटकको आगमन बढेको छ । पर्यटकको चहलपहल बढ्न थालेपछि होटल व्यवसायमा पनि उत्साह थपिएको छ । बन्दीपुरको मौलिक पहिचान, प्राकृतिक आकर्षण र सांस्कृतिक विशेषताले पर्यटकलाई यहाँ आकर्षित गर्ने गरेको प्रधान बताउँछन् ।

बन्दीपुर बजारको परम्परागत स्वरूप, ढुङ्गा छापिएका सडक, पुराना घर र स्थानीय जीवनशैली

*बाँकी तेश्रो पेजमा*



# कुरूप बन्ने भयमा आतंकित प्रकृति

केही घरमात्र छन् चरिकोटमा, बनमारे, चुत्रो-ऐँसेलुका केही पोथ्राहरु र खुल्ला चौर। म उकालै-उकालो सातदोबाटो चोकबाट सिमपानी तिर लम्की रहेको थिए। साँझको समय, हल्का हिमपातले मौसम सुरम्य लाग्दथ्यो । पहेँलो ऐँसेलुमा हिउँका भुवादार छिर्का पर्दा साँझको सूर्यास्तको प्रकाश थप उज्यालो बनेको थियो ।


बास बस्न पैँयू र दुधिलोका रूखतिर उड्दै गरेका चराको चिरविर आवाजले संगीतको नयाँ धुन गुन्जिएको थियो । मनमौजी मनका स्वतन्त्र विचरणले शरीरमा नयाँ स्फूर्ति भरेको थियो ।

म निर्धक्क थिएँ । न कसैको भय, न कुनै चिन्ता र आक्रोश ।

युजि (मेरो घरको कुकुर) को आवाजले ब्यूँझिएँ । मैले सपनामा चरिकोटको विगतका सौन्दर्य नियालिरहेको थिएँ। सपनाको त्यो सुमधुर पल ४०/४५ वर्ष अघिको मेरो जीवनका अनमोल समय थिए। त्यतिबेला म स्वतन्त्र थिएँ, निर्धक्क थिएँ । चरिकोट सुन्दर र अर्गानिक थियो ।

हरेक मानिसले सपना देख्छन्। केही सपना बिहानीको ब्यूझाइसँगै विलिन हुन्छन्, केही सपना मानसपटलमा धेरै लामो समयसम्म रहिरहन्छ । मेरो मानसपटलमा रहने हरेक सपना अतीतका सुखद् पलसँग जोडिएका हुन्छन् । म जतिबेला आमासँग आस्रित थिएँ, मेरा हरेक पल सुखद् थियो । न चिन्ता, न कुनै डर र अपेक्षा ! त्यतिबेला चरिकोट पनि अर्गानिक थियो ।

दुबोका चौर, ऐँसेलु, घङ्गारु र चुत्रोका पोथ्राहरु। चम्किलो गौरीशंकरको उज्यालोमा कालिञ्चोक, शैलुङ र चेर्दुङको पहाडले सुन्दरता छरेको सुन्दर चरिकोट । हो मेरो हरेक सपनामा त्यही चरिकोट आइरहन्छ । बारम्बार- हरेकबार ।




जसपना जीवनका अनुभूतिहरुको प्रकटीकरण हो । जीवनका सुन्दर-पीडादायी पलहरु उक्लँदै-ओर्लँदै निरन्तर अघि बढिरहन्छन्। सपनीले अतीतका ती पलहरुलाई पुर्नताजगी गरिदिन्छ । जहाँ पीडाको रोदन र खुसीका उमंगहरु निर्धक्कै महसुस गर्न सकिन्छ।

सपनीमा आमाको स्मृति र चरिकोटको प्रकृति बीचको तादम्यता अनौठो लाग्छ । आमा आउँदिनन् सपनीमा खासै। उनी मलाई दुःखी देख्नै चाहन्नन् । उनको आगमन पछिको मेरो ब्यूँझाइले पीडा थपिदिन्छ भन्ने उनलाई हेक्का छ। जुनकुरा उनी चाहन्नन्, त्यसैले सपनीमा आउँदिनन् । तर उनको स्मृति मेरो हरेक सपनीको पृष्ठभूमि बनेर रूमल्लिरहेको हुन्छ ।

चरिकोटका ती प्रत्येक पलहरु, जहाँ हिउँका भुवादार छिर्काले मलाई रोमाञ्चित गरिरहेको हुन्थ्यो। ती पलहरु, आमाको न्यानो मायामा मैले बेथित गरिरहेको हुन्थे। अबत, ती पलहरुमा एक्लै बिताइरहेको हुन्छु सपनीमा पनि, किनभने मेरी आमा सपनीमा आउँदिनन् । अहँ! आउँदै आउँदिनन् ।

आमाको काख र प्रत्येक्ष निगरानीमा दौडने जिन्दगी कति भाग्यमानी ।

*बाँकी तेश्रो पेजमा*

# दसैंमा दुर्घटना न्यूनीकरण गर्न प्रहरीको सचेतना

**भञ्ज्याङ समाचारदाता**/दमौली

दसैँका कारण पृथ्वी राजमार्गसहित तनहुँका प्रमुख सडकमा सवारीसाधनको चाप बढ्दै गएको छ। चाडपर्व मनाएर फर्किने र गन्तव्यतर्फ जाने यात्रुको आवागमन बढेसँगै हुन सक्ने सम्भावित सवारी दुर्घटना न्यूनीकरण गर्न जिल्ला प्रहरी कार्यालय तनहुँले सचेतना अभियान सञ्चालन गरेको छ ।

यात्रुको चाप बढ्ने समयमा सडक दुर्घटनाको जोखिमसमेत बढ्न सक्ने भएकाले प्रहरीले चालक तथा यात्रुलाई लक्षित गरी सुरक्षित यात्रासम्बन्धी सचेतना फैलाएको हो ।

अभियानअन्तर्गत प्रहरीले चालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न, तीव्र गतिमा सवारी नचलाउन र मादक पदार्थ सेवन गरेर सवारी नचलाउन आग्रह गरेको छ । त्यस्तै, यात्रुलाई पनि यात्रा गर्दा सावधानी अपनाउन, सवारीसाधनमा यात्रा गर्दा सुरक्षाका उपाय पालना गर्न तथा चालकलाई नियमविपरीत सवारी चलाउन निरूत्साहित गर्न अनुरोध गरिएको छ ।

चाडपर्वका समयमा सडकमा सवारीसाधनको चाप बढ्ने भएकाले संयमित भएर सवारी चलाउन र सुरक्षित यात्रालाई प्राथमिकता दिन प्रहरीले सबैमा आग्रह गरेको छ।



# यातायातको लापरबाही र बीमा कम्पनीको राहत

टिप्परको ठक्करबाट धेरैले ज्यान गुमाएका छन् । यस्ता दुर्घटनामा चालकको लापरबाही मात्र होइन, थकान, अनिद्रा, लामो समयसम्म निरन्तर सवारी चलाउनुपर्ने बाध्यता र लागुपदार्थको सेवनजस्ता कारणले पनि भूमिका खेलेका हुन सक्छन्। चालकको शारीरिक तथा मानसिक अवस्था सवारी दुर्घटनाको जोखिमसँग जोडिएको विषय हो। तर दुर्घटना भएपछि घाइतेलाई उद्धार गर्नुको सट्टा पुनः सवारी चढाएर वा पछाडि सारेर ज्यान लिने प्रयास गरिएका घटनासम्बन्धी समाचारसमेत सार्वजनिक हुने गरेका छन् । यस्ता घटना अत्यन्त गम्भीर र आपराधिक हुन्।

अत्यधिक भार बोकेका सवारीसाधनले ठक्कर दिँदा वा किच्दा मानिसको ज्यान जाने जोखिम बढी हुन्छ । यो नेपालको यातायात क्षेत्रको गम्भीर समस्या हो। यसबारे सबै जानकार भए पनि प्रभावकारी नियन्त्रण हुन सकेको छैन ।

पछिल्ला वर्षमा दाङमा टिप्परको लापरबाही बढ्दै गएको स्थानीयको गुनासो छ । यातायात व्यवस्थापनले यसलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सकेको छैन। टिप्परको निरन्तर आवागमनले सडक क्षतविक्षत भएका छन् । ढुङ्गा, गिट्टी तथा कोइलाजस्ता प्राकृतिक स्रोतको उत्खनन र ढुवानीले ग्रामीण बस्तीको वातावरणमा समेत असर पारेको छ । जङ्गल विनाश, पहिरोको जोखिम, सडक क्षति र पानीका मुहान सुक्ने समस्याले पहाडी क्षेत्रको जनजीवन प्रभावित हुन सक्छ। प्राकृतिक स्रोतको दोहन र सवारीसाधनको अव्यवस्थित सञ्चालनलाई एउटै समस्याका रूपमा मात्र नहेरी दुवैलाई नियन्त्रण गर्न सम्बन्धित निकाय गम्भीर हुनुपर्छ ।

आज नेपाली नागरिक देशभित्र होस् वा विदेशमा, विभिन्न किसिमका असुरक्षाको सामना गरिरहेका छन् । देशभित्र पर्याप्त रोजगारीका अवसर नहुँदा विदेशमा श्रम बेचेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता छ । विदेशमा दुर्घटना वा अन्य कारणले ज्यान गुमाएका नेपालीका परिवारले शव स्वदेश ल्याउन तथा अन्तिम संस्कार गर्नसमेत आर्थिक र व्यवस्थापकीय कठिनाइ भोग्नुपर्ने अवस्था छ। कतिपय अवस्थामा नेपाली समुदायले चन्दा संकलन गरेर सहयोग गर्नुपर्ने हुन्छ भने त्यस्तो समुदायको पहुँच नभएका स्थानमा मृतकका परिवार थप समस्यामा पर्न सक्छन् ।

विदेशमा रोजगारीका लागि जाने नेपालीको सुरक्षा र सामाजिक संरक्षणको विषय राज्यको प्राथमिकतामा पर्नुपर्छ। त्यस्तै, देशभित्रै नागरिकले सुरक्षित यात्रा गर्न पाउने अवस्था सिर्जना गर्नु पनि सरकारको दायित्व हो। नागरिकलाई सुरक्षा, स्वास्थ्य उपचार र रोजगारीको आधार उपलब्ध गराउन नसक्ने अवस्थाले राज्यको जिम्मेवारीमाथि प्रश्न उठाउँछ ।

सवारी दुर्घटना हुन्छन् भन्दै त्यसलाई सामान्य रूपमा स्वीकार गरेर बस्नु हुँदैन। दुर्घटना पूर्ण रूपमा रोक्न नसकिए पनि उचित व्यवस्थापन, नियमित अनुगमन र कडा कानुनी कार्यान्वयनबाट जोखिम घटाउन सकिन्छ। दुर्घटनापछिको उपचार, क्षतिपूर्ति र पीडित परिवारको संरक्षणका लागि बीमा प्रणाली प्रभावकारी हुनु उत्तिकै आवश्यक छ। बीमा कम्पनीहरु यही जोखिम व्यवस्थापन र आर्थिक क्षतिबाट राहत प्रदान गर्ने उद्देश्यले सञ्चालनमा आएका हुन् । तर व्यवहारमा बीमाबाट प्राप्त हुने क्षतिपूर्तिले पीडित परिवारलाई पर्याप्त राहत दिन नसकेको गुनासो सुनिन्छ ।

नेपालमा बीमाको इतिहास धेरै लामो छैन । विसं २००४ असोज ८ गते नेपाल बैंक लिमिटेडले आफ्नो सहायक कम्पनीका रूपमा नेपाल बीमा र माल चलानी कम्पनी स्थापना गरेको थियो । यसलाई नेपालको प्रारम्भिक बीमा संस्थामध्ये एक मानिन्छ। त्यसअघि नेपालमा भारतीय बीमा कम्पनीहरूले सेवा प्रदान गर्दै आएका थिए । त्यसपछि नेपालको बीमा क्षेत्र क्रमशः विस्तार हुँदै गयो ।

विसं २०२४ पुस १ गते राष्ट्रिय बीमा संस्थान स्थापना भयो र सोही वर्ष फागुन ११ गतेदेखि कारोबार सुरू गऱ्यो। समयक्रममा बीमासम्बन्धी विभिन्न कानुन, नीति तथा नियामक संरचना बने। बीमा क्षेत्रको विस्तारसँगै जीवन बीमा, निर्जीवन बीमा तथा अन्य बीमा सेवाहरु उपलब्ध भए। तर बीमा कम्पनीहरूको सत्त्या बढ्दै जानु मात्र पर्याप्त होइन । तिनले प्रदान गर्ने सेवा, दाबी भुक्तानीको प्रक्रिया र पीडितले पाउने राहत पनि प्रभावकारी हुनुपर्छ ।

नियमकानुन बने पनि सवारी दुर्घटना रोकिएका छैनन् । दुर्घटनाबाट पीडित परिवारलाई सन्तोषजनक राहत उपलब्ध गराउने व्यवहारिक पक्षमा पनि समस्या देखिन्छ । घटना भएपछि छलफल गर्ने, क्षतिपूर्तिको विषय उठाउने र अन्ततः जिम्मेवारी एकअर्कामाथि थोपर्ने प्रवृत्तिले पीडितलाई थप अन्यायमा पार्छ। यातायात व्यवसायीका संघसंस्थाले आपत्कालीन अवस्थामा सहयोग गर्ने गरेका भए पनि चन्दा संकलनबाट उपलब्ध गराइने राहत दीर्घकालीन समाधान हुन सक्दैन । पीडितको उपचार र परिवारको आर्थिक सुरक्षालाई व्यक्तिगत सद्भाव वा संस्थागत सहयोगको भरमा छाड्नु हुँदैन ।

दुर्घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारले क्षतिपूर्तिका लागि लामो समयसम्म संघर्ष गर्नुपर्ने अवस्था पनि चिन्ताजनक छ । पीडित परिवार शोकमा डुबेका बेला क्षतिपूर्तिका विषयमा मोलमोलाइ गर्नुपर्ने परिस्थिति उत्पन्न हुनु न्यायसङ्गत होइन। दुर्घटनाको दोषीलाई कानुनी दायरामा ल्याउने र पीडितलाई कानुनअनुसारको राहत सहज रूपमा उपलब्ध गराउने व्यवस्था हुनुपर्छ। राज्यले आफ्नो जिम्मेवारी पूरा नगर्दा पीडितले न्याय पाउनसमेत कठिनाइ भोग्नुपरेको छ ।

सवारी दुर्घटनामा मृत्यु भएका व्यक्तिका आश्रितले पाउने बीमा तथा क्षतिपूर्तिको रकम बढाउनुपर्ने माग लामो समयदेखि उठ्दै आएको छ । यातायात व्यवस्था विभागले मृतकका आश्रितले पाउने क्षतिपूर्ति बढाएर १० लाख रूपैयाँसम्म पुऱ्याउन प्रस्ताव गरेको र घाइतेको उपचार खर्चको सीमा बढाउने विषय पनि अघि बढाएको चर्चा हुँदै आएको छ । यस्ता प्रस्तावको वर्तमान अवस्था र कार्यान्वयनबारे सम्बन्धित निकायले स्पष्ट जानकारी दिनुपर्छ। प्रस्ताव हुनु मात्र पर्याप्त हुँदैन, पीडितले त्यसको लाभ पाउने गरी निर्णय कार्यान्वयन हुनुपर्छ ।

क्षतिपूर्तिको रकम बढाउनु सकारात्मक कदम हुन सक्छ। तर रकम बढाएर मात्र दुर्घटनाको समस्या समाधान हुँदैन। दुर्घटनापछि घाइतेलाई समयमै अस्पताल पुऱ्याउने, आवश्यक उपचार उपलब्ध गराउने र बीमाको दाबी भुक्तानी छिटो गर्ने व्यवस्था पनि उत्तिकै महत्त्वपूर्ण छ। बीमाको उद्देश्य दुर्घटनामा परेको व्यक्तिको जीवनको मूल्य निर्धारण गर्नु होइन, दुर्घटनाबाट उत्पन्न आर्थिक जोखिम कम गर्नु हो । कुनै पनि रकमले गुमेको जीवन फिर्ता दिन सक्दैन, तर उचित क्षतिपूर्तिले मृतकका आश्रितलाई जीवनयापनमा केही सहजता प्रदान गर्न सक्छ ।

दुर्घटनामा घाइते भएको व्यक्तिलाई तत्काल उद्धार गर्नुपर्नेमा उल्टै ज्यान लिने उद्देश्यले सवारीसाधन अघि-पछि चलाउनेजस्ता आपराधिक व्यवहारलाई कडाइका साथ नियन्त्रण गर्नुपर्छ। यस्तो व्यवहारका पछाडि क्षतिपूर्तिको दायित्वबाट बच्ने मनसाय हुन सक्ने आशंका भए त्यसको निष्पक्ष अनुसन्धान आवश्यक छ। दुर्घटनामा घाइतेलाई समयमै अस्पताल पुऱ्याउने र जीवन बचाउन हरसम्भव प्रयास गर्ने संस्कार विकास गर्नुपर्छ। त्यसका लागि चालक, यातायात व्यवसायी, प्रहरी, बीमा कम्पनी र सरकार सबै जिम्मेवार हुनुपर्छ ।

नेपालको भौगोलिक बनावट, साँघुरा तथा घुमाउरा सडक, कमजोर सडक संरचना र पहिरोजस्ता प्राकृतिक जोखिमले पनि दुर्घटनाको सम्भावना बढाउँछन्। पहाडी सडकमा सवारीसाधन नियन्त्रण गर्न कठिनाइ हुन सक्छ । तर भौगोलिक अवस्थालाई मात्र दोष दिएर चालकको लापरबाही र नियमनको कमजोरीलाई बेवास्ता गर्न मिल्दैन । मोटरसाइकल, टिप्पर, अटोरिक्सालगायत विभिन्न सवारीसाधनबाट हुने दुर्घटना न्यूनीकरणका लागि सवारीको अवस्था, चालकको योग्यता, गति, भारवहन क्षमता र सडक सुरक्षाको नियमित अनुगमन हुनुपर्छ । सवारीसाधन चलाउँदा अरूलाई उछिन्ने होड, तीव्र गति र नियम उल्लङ्घनलाई नियन्त्रण गर्नु आवश्यक छ ।

सवारीसाधनको व्यवस्थापन, चालकको अनुमतिपत्र, सडक सुरक्षा र यातायात नियमको कार्यान्वयनमा यातायातसम्बन्धी निकायको जिम्मेवारी हुन्छ । दुर्घटनामा परेकाको उद्धार, उपचार र क्षतिपूर्तिको सुनिश्चितता मा सरकारका सम्बन्धित निकाय, बीमा नियामक र बीमा कम्पनीले समन्वय गर्नुपर्छ । जिम्मेवारी स्पष्ट नहुँदा पीडित परिवारले एउटै विषयमा विभिन्न निकाय धाउनुपर्ने अवस्था आउँछ । त्यसैले दुर्घटना व्यवस्थापनदेखि बीमा दाबी भुक्तानीसम्मको प्रक्रिया सरल, पारदर्शी र समयबद्ध बनाउनुपर्छ ।

सवारी दुर्घटनाबाट हुने मानवीय क्षतिको आर्थिक हिसाबले भरपाई हुन सक्दैन । तर मृतकका आश्रितलाई आर्थिक संकटबाट जोगाउन र घाइतेको उपचारमा सहयोग गर्न उचित बीमा व्यवस्था आवश्यक छ । कमाउने व्यक्तिको मृत्यु हुँदा परिवारको आम्दानीको स्रोत गुम्छ। बालबालिकाको शिक्षा, परिवारको स्वास्थ्य उपचार र दैनिक जीवनयापनमा समेत गम्भीर असर पर्छ। यस्तो अवस्थामा न्यून क्षतिपूर्ति र लामो दाबी प्रक्रियाले पीडितको पीडामाथि थप पीडा थप्छ ।

अतः सरकारले सवारी दुर्घटना न्यूनीकरणलाई प्राथमिकता दिँदै यातायात क्षेत्रको प्रभावकारी नियमन गर्नुपर्छ। चालकको काम गर्ने समय, आराम, स्वास्थ्य अवस्था, सवारीको गति र भारवहन क्षमताको निगरानी हुनुपर्छ । दुर्घटनापछि घाइतेको जीवन बचाउने प्रयासलाई अनिवार्य बनाइनुपर्छ । बीमा रकम समयानुकूल परिमार्जन गरी दाबी भुक्तानी सहज र छिटो हुने व्यवस्था मिलाउनुपर्छ। बीमा कम्पनीले कानुनी दायित्व पूरा गर्नुपर्छ भने नियामक निकायले त्यसको प्रभावकारी अनुगमन गर्नुपर्छ ।

मानिसको जीवन अमूल्य छ । दुर्घटनामा ज्यान गुमाएका व्यक्तिलाई कुनै रकमले फर्काउन सकिँदैन । तर राज्यले उचित नीति, प्रभावकारी नियमन र न्यायोचित क्षतिपूर्तिमार्फत पीडित परिवारको दुःख केही कम गर्न सक्छ । एकातिर यातायात क्षेत्रमा व्याप्त लापरबाही र अर्कोतिर बीमाबाट प्राप्त हुने अपर्याप्त राहतले नागरिकलाई थप असुरक्षित बनाउनु हुँदैन । नागरिकको जीवन रक्षा, घाइतेको उपचार र पीडित परिवारलाई न्यायपूर्ण क्षतिपूर्ति उपलब्ध गराउनु राज्य, यातायात व्यवसायी र बीमा क्षेत्र सबैको साझा दायित्व हो ।




# दसैंमा तनहुँमा दुई पैदलयात्रीको मृत्यु

भञ्ज्याङ समाचारदाता/तनहुँ

दसैं पर्वको अवधिमा तनहुँमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई पैदलयात्रीको मृत्यु भएको छ। पृथ्वी राजमार्गअन्तर्गत व्यास नगरपालिका र शुक्लागण्डकी नगरपालिकामा भएका दुर्घटनामा ४५ वर्षीय र ६८ वर्षीय पुरूषको ज्यान गएको हो । जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार बुधबार साँझ करिब ७:४० बजे व्यास नगरपालिका-१ मुसेखोलास्थित पृथ्वी राजमार्गमा हाइलक्स गाडीको ठक्करबाट व्यास नगरपालिका-१४ निवासी ४५ वर्षीय हेमबहादुर थापाको मृत्यु भएको हो।

डुम्रेबाट दमौलीतर्फ आउँदै गरेको बा १८ च ४५८७ नम्बरको गाडीले पैदल हिँडिरहेका थापालाई ठक्कर दिएको थियो। दुर्घटनामा घाइते भएका थापालाई उपचारका लागि प्रदेश अस्पताल दमौली लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए । यसैगरी, बिहीबार साँझ करिब ६:२५ बजे शुक्लागण्डकी नगरपालिका-५ झरौटास्थित पृथ्वी राजमार्गमा कारको ठक्करबाट ६८ वर्षीय सन्तमान श्रेष्ठको मृत्यु भएको छ ।

दमौलीबाट पोखरातर्फ जाँदै गरेको ग४च २२८१ नम्बरको कारले शुक्लागण्डकी नगरपालिका-११ राईपुर निवासी श्रेष्ठलाई ठक्कर दिएको थियो। दुर्घटनामा घाइते भएका श्रेष्ठलाई उपचारका लागि जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र झरौटा लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। दुवै दुर्घटनामा संलग्न सवारीसाधन र चालकलाई नियन्त्रणमा लिएर प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

## तपाईको आज

**मेष**
मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ।

**वृष**
समाजका लागि धेरै फाइदा हुने काम सम्पादन गर्न सकिनेछ। तारिफयोग्य कामले लोकप्रियता दिलाउनेछ।

**मिथुन**
स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला।

**कर्कट**
समस्या दर्साउँदा सहयोगीहरूको साथ पाइनेछ। प्रयत्न गर्दा गुमेको रकम जोगाउन सकिनेछ।

**सिंह**
भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। आम्दानी बढाउने काम सुरू गर्न सकिनेछ।

**कन्या**
नयाँ जिम्मेवारी सम्हाल्दै दाम र प्रतिष्ठा हातपार्ने बेला छ। रमाइलो यात्राको साइत पनि जुर्न सक्छ।

**तुला**
सोचेको फाइदा उठाउन मुस्किल पर्नेछ। वैधानिक प्रावधानले पनि लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ।

**वृश्चिक**
प्रतिस्पर्धी बढ्नाले अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ। चिताएका काममा बाधा पुर्याउनेहरु प्रशस्तै हुनेछन्।

**धनु**
रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ।

**मकर**
व्यापारमा राम्रै फड्को मार्ने समय छ। तर केही काम रोकिनाले उठ्नुपर्ने रकम हातलागी नहुन सक्छ।

**कुम्भ**
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरुले प्रतिबद्धता पूरा नगर्न सक्छन्।

**मीन**
कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ। धेरै फाइदा नहुने काममा समय बित्नेछ।

# कुरूप बन्ने भयमा .....

म पनि अभागी चाहिँ हैन । जन्म र कर्म दिने आमाहरु क्षितिज पारी कतैबाट मेरै निगरानीमै त हुनुहुन्छ नि। त्यसैले आमाको स्मृति मेरो हरेक सपनीको पृष्ठभूमि हो। अनि चरिकोटका लागि हिउँका भुवादार छिर्काहरु पनि सपनी नै भएका छन् । यर्थाथमा चरिकोट कृतिम सुन्दरतासँग नतमस्तक छ।

अहिले त चरिकोट कहाँ अर्गानिक छ र ! कंक्रिटको जंगल बनेको चरिकोट सफाई र व्यवस्थापनको अभावले कुरूप बन्ने भयमा आतंकित छ । अब त गौरीशंकरलाई चिहाउन कि घरका छतहरु उक्लनुपर्छ कि चरिध्याङ र सिमपानीसम्म दौडनुपर्छ । मानिसको खलबल र सवारी साधनका ट्याँट्याँ, टुँटुँले कोलाहलमय छ ।

चरिकोटमा हिमपातको त कल्पनै नगरौं । उतिबेला पुस, माघको महिनामा फल्याकको छानो भएको घरमा हप्तौ हिँउ टल्किन्थ्यो। बलेसी र बारीका कुनाकाप्चामा हप्तौ हिँउको रास देखिन्थ्यो । यी सबै एकादेशको कथा भएको छ ।

केही वर्षपछि कालिञ्चोक, शैलुङ, खरिढुङ्गा, मूडे र हनुमन्ते डाँडामा पनि हिउँ नदेखिने हो कि? हुन त क्रमशः हिमालहरु नै कालो हुँदै गएको खबर बेला-बेलामा पढ्न पाइएकै छ। गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढी विश्वव्यापी तापक्रम वृद्धिको पराकम्प थियो भन्ने कुरामा हामी सबै सहमत छौं । तर, के यसको दोष अमेरिका, चीन, भारत जस्ता मुलुकहरूलाई दिएर मात्र समाधान निस्कन्छ र ! हरितगृह ग्यास उत्पादन हुनुमा यी मुलुकहरु मुख्य रूपमा दोषी छन्, त्यो सत्य हो । हामी यो मामलामा दोषी छैनौं ।

त्यसो हुँदाहुदै पनि हामीले साना-साना कुरामा सचेतना अपनाउन नसक्दा पनि परिणाम भयंकर बनेको छ । त्यसैले विश्वव्यापी तापक्रम वृद्धिले निम्ताउने दैवी विपत्तिमा हरितगृह ग्यास उत्पादन गर्ने ठूला मुलुकहरूसँग क्षतिपूर्ति माग गरेर मात्र समाधान निस्कँदैन ।

के चरिकोट बजारमा बढ्दै गएको कंक्रिट सहर विश्वव्यापी तापक्रम वृद्धिका लागि दोषी छैन? चरिकोटको कंक्रिट सहरले अमेरिका, चीन, भारत जस्ता मुलुकलाई प्रभाव पार्दैन, यो सत्य हो। तर, के चरिकोटको वातावरणमा यो कारक बन्दैन र ? कालिञ्चोकमा हरेक वर्ष हिमपातमा कमी हुँदै जानुको दोष हरितगृह ग्यास उत्पादन गर्ने मुलुकहरूलाई मात्र दिने कि त्यहाँ बढ्दै गएको फोहोर र अव्यवस्थित वस्ती पनि दोषी छन् ?

गाउँका खोला-खोल्सी, बारीको कान्ला र तथा पहाडमा पहिरो जानुको दोष पनि विश्वव्यापी तापक्रम वृद्धिलाई मात्र दिने ? जथाभावी चलेका डोजर, प्राविधिक सल्लाहबिनै नालाविहीन खनिएका सडक, मापदण्डविपरीत नदीमा हुलिएका डोजर, यसका लागि दोषी छैनन्? एकपटक विचार गरौं त, दोष हाम्रै पनि धेरै छन् कि !

उतिबेलाको अर्गानिक चरिकोटमा धेरै कुरा नभए पनि व्यवस्थापन थियो । अहिलको विकसित चरिकोटमा धेरै कुरा छ, तर व्यवस्थापन छैन । हो यही कुरा विनासको कारक बन्दै गएको छ । चरिकोटमा मात्र हैन धेरै ठाँउमा चुत्रा, घङ्गारू, ऍसेलुका बोट देख्न पाइँदैन । आफ्नो गतिमा बग्ने खोला-खोल्सीलाई घर र सडक बाधक बनेको छ सौ

अहिले चौरीको संख्यामा कमी आएको छ । सर्पहरु बाहिर निस्कने क्रम बेमौसमी बनेको छ। यो शुभ संकेत हैन । सिन्धुपाल्चोकको जुरेमा पहिरो आउनु अघि धेरै सर्पहरु बाहिर निस्किएको कुरा किस्साकै रूपमा भए पनि आसपासका मानिसले सुनाउने गरेका छन् ।

त्यसैले दोष जति विश्वव्यापी तापक्रम वृद्धिलाई दिएर हामी हाम्रै घरआगनको खोलाखोल्सी, पहाडी चुचुरा र नदीनालालाई अन्याय गरिरहने हो भने हरितगृह ग्यास उत्पादन गर्ने मुलुकहरूले प्राकृतिक विपत्तिमा मल्हम लगाउन पठाउने सहयोग मृत्युको मलामी भन्दा बढी केही हुन सक्दैन ।

मैले सुरूमा सपनाको प्रंसग उल्लेख गरेको थिएँ । त्यो मेरो विगतका भोगाइको संस्मरण हो । म त्यो विगतलाई अब प्रत्येक्ष अनुभूत गर्न सक्दिनँ। त्यो विगतलाई सपनामा अनुभूत गर्दै संस्मरणमा ताजा बनाई राख्ने मात्र हो। विकास समय र आवश्यकताअनुसार अघि बढ्छन्। अघि बढाउनै पनि पर्छ । कालिञ्चोकमा सडक पुग्नै हुन्न, वस्ति बस्नै हुन्न भन्ने मान्यता गलत हुन्छ । तर, विचारणीय कुरा के भने सडक र वस्ती कालिञ्चोकतिर दौडिरहँदा त्यसले पार्ने नकारात्मक प्रभावको पनि अध्यन हुनुपर्छ । अनि नकारात्मक प्रभाव न्युनिकरणसँगै सडक र वस्तीलाई विस्तार गर्नुपर्छ। अर्थात विकाससँगै व्यवस्थापन पनि दौडनुपर्छ ।

स्वीटरजरल्याण्डमा प्रयाप्त विकास भएका छन् । त्यो विकास प्रकृतिसँग द्वन्द्व गरेर हैन सहकार्य गरेर अघि बढेको छ । हाम्रो देशमा भने विकासले सबै ठाँउमा प्रकृतिसँग द्वन्द्वमात्र गरेको देखिन्छ। त्यही भएर बेलाबेलामा प्रकृतिले ताण्डव देखाउने गरेको छ ।

नेपालका धेरै भूमि प्राकृतिक सुन्दरताले भरिएका छन् । ती सुन्दर भूमिमा समय क्रमको विकास दौडिरहँदा अर्गानिक विशेषता कायमै राख्ने प्रविधि पनि त दौडाउन सकिन्छ होला नि ! आधुनिकताले विनाशकारी विकासमात्र भित्राउँछ भन्ने सोच पाल्ने मानसिकता गलत छ । अर्गानिक प्रकृतिलाई आधुनिक ढाँचा मात्र दिनेगरी पनि विकासे दौड अघि बढाउन सकिन्छ ।

सहरीकरणमा कंक्रिटलाई हैन प्रकृतिलाई प्राथामिकतामा राखौं । एउटा घर बनाउदा सँगै कमसेकम एक जोडी रूख रोपौं । सडक विस्तारमा नाला र वृक्षारोपण पनि जोडिएर आउन । डोजरको प्रयोग प्रकृतिको बनावट र आवश्यकताको आधारमा मात्र अनुमति योग्य बनोस्। खोलाखोल्सी आफ्नो गति र गन्तव्यमा अघि बढ्न सकुन, त्यहाँ कुनै घर र सडक बाधक नबनुन् ।

अब चरिकोटमा तीब्र गतिको हिमपात सम्भव छैन । कमसेकम कालिञ्चोक, शैलुङ, खावाडाँडा, मुडे र खरीढुङ्गामा पुस माघतिर हिउँका भुवादार छिर्काहरूले मानिसलाई स्मर्श गर्ने हिम्मत राखोस् । अझै धेरै वर्ष लप्पी र विगुका गुम्बा हिउँले सेताम्य बनुन्। च्छो-रोल्पा हिमताल विष्फोटको त्रासले तामाकोशी किनारका बासिन्दा अनिदो बस्नु नपरोस् ।

अनलाइनखबरबाट

# चिसो बढेसंगै बन्दीपुरमा .....

पर्यटकका प्रमुख आकर्षण हुन्। बजारका गल्लीमा घुमघाम गर्दै पर्यटकले यहाँको संस्कृति, खानपान र रहनसहन नजिकबाट बुझ्ने अवसर पाउँछन् ।

**जीप सफारीमा रामकोटसम्म**

बन्दीपुर बजारको आकर्षणमा रमाउने पर्यटक पछिल्लो समय आसपासका ग्रामीण बस्ती पुग्नसमेत रूचाउने गरेका छन् । बन्दीपुरमा जीप सफारी सञ्चालन गर्दै आएका वसन्त पौडेलले विदेशी पर्यटकलाई रामकोट गाउँसम्म पुऱ्याएर त्यहाँको ग्रामीण जीवनशैली र मौलिक संस्कृति अवलोकन गराउँदै आएका छन् ।

मगर समुदायको बसोबास रहेको रामकोट गाउँमा पुग्ने पर्यटक स्थानीय रहनसहन, परम्परा, प्राकृतिक वातावरण र गाउँलेको आत्मीय सत्कारबाट प्रभावित हुने गरेको पौडेल बताउँछन् । सहरको व्यस्त जीवनशैलीभन्दा फरक ग्रामीण परिवेशमा पुगेर स्थानीयको दैनिक जीवन र संस्कृतिबारे बुझ्न पाउनु पर्यटकका लागि नयाँ अनुभव बन्ने गरेको उनको भनाइ छ ।

जीप सफारीले बन्दीपुर बजारबाट आसपासका ग्रामीण बस्तीमा पुग्न सहज बनाएको छ। यसले पर्यटकलाई नयाँ गन्तव्यको अनुभव दिलाउनुका साथै गाउँमा पर्यटन गतिविधि विस्तार गर्ने र स्थानीय पहिचानलाई बाह्य पर्यटकमाझ चिनाउने अवसरसमेत सिर्जना गरेको छ ।

**संस्कृति र ग्रामीण जीवनशैली पर्यटनका आधार**

बन्दीपुरको पर्यटन आकर्षण बजार, मन्दिर र हिमश्रृंखलाको दृश्यावलोकनमा मात्र सीमित छैन। आसपासका गाउँमा रहेका मौलिक संस्कृति, परम्परा, स्थानीय जीवनशैली र प्राकृतिक वातावरण पनि पर्यटनका महत्त्वपूर्ण आधार बन्दै गएका छन् ।

रामकोटजस्ता गाउँमा पर्यटकको आवागमन बढ्दा स्थानीय संस्कृति र पहिचानलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने अवसर मिल्ने पौडेल बताउँछन् । ग्रामीण पर्यटनको विस्तारले होटल, यातायात तथा अन्य पर्यटनसम्बद्ध व्यवसायमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

बन्दीपुरमा नेपालसहित जापान, चीन, इटाली, स्पेन, नेदरल्यान्ड्स, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अस्ट्रेलिया, बेलायत, आयरल्यान्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्यान्ड, ताइवान, स्विट्जरल्यान्ड, मलेसिया, पोर्चुगल, चेक गणतन्त्र, इरान, भारत, ग्रीस र अर्जेन्टिनालगायत देशका पर्यटक आउने गरेका छन् ।

**ऐतिहासिक तथा प्राकृतिक गन्तव्यको आकर्षण**

बन्दीपुर गाउँपालिकाले खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा, मणिमुकुन्दसेन पैदलमार्ग (मिनी ग्रेटवाल), तीनधारा, झरना, पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार र पदम पुस्तकालयलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा सूचीकृत गरेको छ।

भक्तपुरे शैलीमा निर्माण गरिएका घर, रानीवन, रामकोट, सुनखरी, विन्ध्यवासिनी मन्दिर तथा सूचना केन्द्र पनि पर्यटकका आकर्षण हुन्। यी गन्तव्यले बन्दीपुरको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक विविधतालाई उजागर गर्छन्।

पर्यटनको यामसँगै बढेको पर्यटक आगमनलाई ग्रामीण बस्ती र नयाँ गन्तव्यसम्म विस्तार गर्न सके बन्दीपुरको पर्यटनले थप गति लिन सक्छ । मौलिक संस्कृति संरक्षण, स्थानीय उत्पादनको प्रवर्द्धन र पर्यटकमैत्री सेवा विस्तारमा ध्यान दिन सके पर्यटनबाट स्थानीय समुदायले प्राप्त गर्ने लाभसमेत बढाउन सकिनेछ।

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**
**सम्पर्क : ०६५-५६३९०७**
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

## स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

**बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।**

**प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ**
दमौली तनहुँ । गण्डकी प्रदेश

## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**कात्तिक ८ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा.अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**कात्तिक १३ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**कात्तिक १४ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश


**प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको बिक्री-वितरण नगर्नु नगराउनु हुन ।**

नेपाल सरकारको निर्णय तथा प्रचलित कानून बमोजिम प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको उत्पादन, आयात, बिक्री-वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइएको हुँदा व्यास नगरपालिका क्षेत्र भित्र यस्ता सामाग्रीको कारोबार तथा प्रयोग नगर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । नगरपालिबाट बजार तथा व्यवसायिक क्षेत्रमा अनुगमन गरिनेछ र कानून विपरीत कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिदे व्यहोरा जनकारी गरिन्छ ।

**प्राकृतिक फूल तथा वातावरणमैत्री सामाग्र प्रयोग गरौं, वातावरण संरक्षणमा सहयोग गरौं ।**



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

## थानीकोथान

तनहुँको भानु नगरपालिका-७ वसन्तपुरस्थित थानीकोथान मन्दिर । फूलको तोरण र फूल मात्र चडाइने यस मन्दिरमा विशेषगरी कात्तीक, मंसिर, माघ लगायतका महिनाको प्रत्येक मंगलबार आफ्नो मनोकांक्षा पुरा भएको भन्दै भक्तजनहरूले सोमबार सत्यनारायणको पूजा गरी मंगलबार बाजागाजा सहित फूलको डोली लिएर मन्दिरमा चडाउन जाने गर्दछन् ।

*तस्विर : भञ्ज्याङ*

# स्थानीय जलविद्युत् कम्पनीको सहयोगमा बेंसीसहर-चामे सडक सञ्चालन

**भञ्ज्याङ समाचारदाता**/मनाङ

मनाङ मर्स्याङ्दी हाइड्रोपावर कम्पनीको सहयोगमा अविरल वर्षापछि अवरूद्ध बेंसीसहर-चामे सडक पुनः सञ्चालनमा आएको छ। हाइड्रोपावर कम्पनीले आवश्यक उपकरण, जनशक्ति, इन्धन तथा अन्य सामग्री परिचालन गरी छ दिनमै उक्त सडक खुलाएको हो।

दुर्गम हिमाली जिल्ला मनाङमा गत असोजमा चार दिनसम्म लगातार परेको भारी वर्षाका कारण उक्त सडकखण्डका विभिन्न स्थानमा पहिरो खस्नाका साथै बाढीले सडक कटान गरेको थियो।

सडकखण्डको केही ठाउँमा आधार संरचना पनि क्षतिग्रस्त भएको अवस्थमामा मर्मतसम्भारपछि बेंसीसहरदेखि चामेसम्मको प्रभावित यातायात सेवा सञ्चालन गर्न सकिएको बुटवल पावर कम्पनीका संयोजक प्रतीकमानसिंह प्रधानले जानकारी दिए । उनका अनुसार विपद्पछि कम्पनीले तत्काल उपकरण र जनशक्ति परिचालन गरी क्षतिग्रस्त सडकखण्ड मर्मत तथा पुनःस्थापनाको काम थालेको हो ।

'अन्य जलविद्युत् आयोजना र स्थानीय सडकसम्बन्धी निकायसँग समन्वय गरी करिब ६० किलोमिटर बेंसीसहर-चामे सडक छ दिनमै सञ्चालनमा ल्याउन सफल भएका छौं,' प्रधानले भने, 'चामेनजिक रहेको एक खोलामा गेग्रानसहित आएको बाढीपहिरोले मुख्य नदीको बहाव अवरूद्ध गरी ताल बनाएको थियो । सरकारसँग सहकार्य गर्दै कम्पनीका तर्फबाट एक्स्काभेटर लगायतका उपकरण परिचालन गरी उद्धार तथा विपद् व्यवस्थापनमा आवश्यक डिजेल र अन्य सामग्री पनि उपलब्ध गराएर सडक सञ्चालनमा ल्याउन सकिएको हो।'

उक्त सडकखण्डको मर्मतसम्भार तथा आपत्कालीन पुनःस्थापनाका लागि यसअघि पनि विभिन्न उपकरण र जनशक्ति परिचालन गर्दै आएको कम्पनीले जनाएको छ। उक्त सडक सञ्चालन भएसँगै मनाङका १३ गाउँका करिब पाँच हजार ६०० नागरिक लाभान्वित भएका छन् ।

# बन्दीपुर अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

तनहुँको बन्दीपुर अस्पतालले आगामी शनिबार विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा प्रदान गर्ने भएको छ । अस्पतालले यही कात्तिक १४ गते बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म रेडियोलोजिष्ट र नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा सञ्चालन गर्न लागेको अस्पतालका प्रमखु डा अनिल गिरीले जानकारी गराए।

अस्पतालका अनुसार रेडियोलोजिष्ट विशेषज्ञबाट अल्ट्रासाउण्ड (भिडियो एक्सरे) सेवा प्रदान गरिनेछ। यसअन्तर्गत कलेजो, पित्तथैली, मिर्गौला, प्रोस्टेट, पाठेघर तथा पिसाबथैली लगायतका अंगको परीक्षण गरिनेछ। गर्भवती महिलाको भिडियो एक्सरेका साथै थाइराइड ग्रन्थीको पनि परीक्षण गरिने अस्पतालले जनाएको छ ।

त्यस्तै, नाक, कान तथा घाँटीसम्बन्धी विभिन्न समस्या भएका सेवाग्राहीले सम्बन्धित रोग विशेषज्ञबाट जाँच तथा परामर्श सेवा लिन सक्नेछन् । अस्पतालले उक्त दिन विशेषज्ञ सेवा लिन आउने सेवाग्राहीका लागि टिकट तथा परामर्श सेवा निःशुल्क हुने जनाएको छ। स्वास्थ्य बीमा कार्ड भएका सेवाग्राहीलाई आफ्नो कार्ड साथमा लिएर आउन अनुरोध गरिएको छ। त्यसैगरी, यसअघि गरिएका स्वास्थ्य परीक्षणका रिपोर्ट तथा उपचार सम्बन्धी पुराना कागजात पनि साथमा ल्याउन अस्पतालले आग्रह गरेको छ।


## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

धेरै बर्षदेखि कैयौं बौद्धिकहरूले निर्वाचनबाट बन्ने सरकार र सत्तालाई केवल 'भिडको निर्णय'को रूपमा व्याख्या गर्न थालेका थिए । खासगरी निर्वाचनलाई मात्र लोकतन्त्र ठान्दा 'डेलिभरी' बिनाको लोकतन्त्र औपचारिक हुँदै गएपछि सत्तालाई भिडको निर्णयबाट बनेको ठानिदैं आएको थियो ।

त्यसको रोचक अर्को पाटो- श्रीलंका, बंगलादेश, नेपाल आदि लगायत मुलुकका घटनापछि फ्रान्स र भारतजस्ता देशमा चलिरहेका राजनीतिक घटनाक्रमले अब निर्वाचनरूपी भिडले बनाएको सरकारलाई पनि भिडले नै फाल्ने राजनीतिक प्रवृत्ति प्रबल रूपमा फैलिदैं गएको छ ।

अब राजनीतिले 'भिड'देखि 'भिड'सम्मको चक्कर लगाइरहनेछ। भिडले बनाउने र भिडले नै फाल्ने 'महान लोकतन्त्र'को थालनी हुनेछ ।



**Sumana**
x.com/SumanaShrestha

यसपाली विजयादशमी मनाउँदै गर्दा मन निकै खल्लो भएको छ !

विपद्द माथि विपद्को प्रहार सहन नेपाल र नेपालीहरु बाध्य भएका छन् । यस पालिका विपद्हरु दैवी प्रकोप नभई, मानवीय लापरबाहीको परिणामका रूपमा हेर्नु उचित हुन्छ। भविष्यका नासोहरूलाई हामीले र विश्वले धेरै नै तबपभल ायच नचबलतभम गरेको छौं, परिणाम केहीले मात्र भोगदै !

बाल्यकालदेखि सुन्दै र विश्वास गर्दै आइयो - "हरियो वन नेपालको धन" र "नेपाल जलस्रोतको धनी देश हो ।"

तर आज आएर लाग्छ नेपालसँग धन त छ, तर त्यसलाई आम्दानीमा रूपान्तरण गर्न सकेका छैनौं कि? प्राकृतिक स्रोतसाधनले धनी भएर मात्र देश समृद्ध हुँदैन; ती स्रोतसाधनको दिगो, प्रभावकारी र दूरदर्शी उपयोग गर्न सक्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । उपयोग गर्न नसकिएको धनलाई उपयोग गर्न सकिने आमदानी, सम्भावनालाई उत्पादनमा र उत्पादनलाई समृद्धिमा बदल्न जरूरी छ ।

अब प्राकृतिक स्रोतसाधनको प्रशंसामा मात्र सीमित नभई, तिनलाई देशको आर्थिक शक्ति बनाउने दिशामा अघि बढ्नुपर्छ। ध्मबतिज ऋचभबतष्यल का नयाँ आयामहरु खोज्न र विकास गर्न ढिलो हुन थालेको छ ।

देश धनी हुनु र देशका नागरिक समृद्ध हुनु एउटै कुरा होइन रहेछ !

हरियो वन कसको लागि धन, कहिले प्रयोग हुने धन ? जलस्रोतको न्यायोचित उपयोग र न्यायोचित वितरण कस्तो भइरहेको छ देश भीत्र ?

यसपालीको दशैंमा टीका, जमरा र आशीर्वादसँगै देश र विश्वको शान्ति, समृद्धि एवं सुरक्षाका लागि सबैले प्रार्थना गरौं ।

जय दुर्गा भवानी !

जय पशुपतिनाथ !

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४